# नीति तथा कार्यक्रम

# आ.व. २०७९/०८०

## सिम्ता गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## राकम, सुर्खेत

# सिम्ता गाउँ सभाको बैठकमा २०७९ साल आषाढ १० गते

## गाउँ कार्यपालिकाका अध्यक्ष श्री ऐन बहादुर चन्दज्यूले प्रस्तुत गर्नुभएको

# नीति तथा कार्यक्रम

## सिम्ता गाउँपालिका

## राकम, सुर्खेत

**सिम्ता गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारहरू एवम् उपस्थित सम्पूर्ण महानुभावहरू !**

१. संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूका साथै सिम्ताली सहिदहरू स्वर्गीय ऋषि प्रसाद शर्मा र स्वर्गीय इन्द्र बि सी प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्दछु ।

२. स्थानीय सरकार प्रमुखको रूपमा सिम्ता गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा खुशी व्यक्त गर्दछु ।

३. संवैधानिक अधिकार सहितको तिन तहको सरकार बीचको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्त अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्ती सहितको नीति तथा कार्यक्रमलाई मध्यनजर गरी गाउँसभा मार्फत पारित ऐन, नियम तथा कार्यविधिको आधारमा आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**गाउँसभाका सदस्यहरू,**

४. प्रथम निर्वाचित सिम्ता सरकार तथा साविक गा.वि.स. हरूले अवलम्वन गरेका सकारात्मक नीति तथा कार्यक्रमलाई प्राथमिकताका आधारमा निरन्तरता दिइनेछ ।

५. विकासमा निश्चित उद्देश्य हासिल गर्न अपनाइने रणनीति, समय, क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनाबद्ध विकासको रणनीति अवलम्बन गर्न दोस्रो आवधिक योजना २०७९/०८० देखि २०८३/०८४ तर्जुमा गरिनेछ ।

६. गाउँपालिकाको रणनीतिक सडकको रूपमा रहेको सहिद ऋषि चक्रपथ र सहिद इन्द्र बि सी द्रुतमार्ग तथा बस्ती स्तरका रिङ्ग रोडहरूलाई थप स्तरोन्नती गरिनेछ ।

७. गाउँपालिकाभित्र सञ्चालित विद्युतीकरणलाई सबै वडाको सम्पूर्ण घरधुरीमा पुर्याइनेछ ।

८. जनतासँग सिम्ता गाउँपालिका कार्यक्रमलाई जनस्तरसम्म पुर्याइनेछ ।यसको थप प्रभावकारिता कार्यान्वयनका लागि आवश्यक थप नीति संशोधन तथा निर्माण गरिनेछ ।

९. एक घरः एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

१०. अब म गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

११. मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाह र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै "आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि पूर्वाधारः सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालिकाको आधार" भन्ने हाम्रो आकाङ्क्षा पुरा गर्नेतर्फ नीति तथा कार्यक्रम केन्द्रित छन् ।

गाउँ सभाका सदस्यहरू,

अब म क्षेत्रगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आर्थिक क्षेत्र**

१२. आन्तरिक स्रोत बढाउन स्रोत सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

१३. गाउँपालिका क्षेत्रभित्रका करका दर फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

१४. नेपालको संविधानको साझा अधिकार सूचीमा रहेका कर तथा गैर कर राजश्व संघ तथा प्रदेशले तोके बमोजिम संकलन गरी बाँडफाँड गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

**कृषि**

१५. खाद्य सम्प्रभुताको अधिकारलाई सुनिश्चित गर्न पहल गरिनेछ ।

१६. कोभिड १९, विश्वव्यापी अशान्ति र युद्ध तथा अत्यधिक मूल्य वृद्धिको कारणले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको वर्तमान अवस्थामा कृषि उपज वृद्धिका लागि जग्गा चक्लावन्दी, मल तथा बिउबिजनमा अनुदान, कृषि यान्त्रिकीकरण र बाँझो जमिनमा खेती गर्ने कृषकलाई प्रोत्साहन कार्यक्रम अगाडि वढाईने छ ।

१७. गाउँपालिकाभित्र रहेका वास्तविक किसानहरुको पहिचानका लागि कृषि व्यवसाय दर्ता कार्यक्रम अगाडि बढाई वित्तीय संघ संस्थाहरू मार्फत सहुलियत कर्जा प्रदान गर्न पहल गरिनेछ । गुणस्तरीय खाद्यान्नमा सहज पँहुच र उपलब्धताको प्रत्याभूतिका लागि गाउँपालिकाभित्र उत्पादन हुने सम्पूर्ण स्थानीय वस्तुहरुको तथ्याङ्क सङ्कलन गरिनेछ । साथै उत्पादन वृद्धि, संकलन र बजारको पँहुचका सम्बन्धमा साझेदार संस्थाहरूसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

१८. गाउँपालिकामा उत्पादन हुने सबै अन्न बाली तथा फलफुलहरूको सुरक्षित भण्डारण गरी बेमौसममा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न शीतगृह निर्माण गर्नमा आवश्यक पहल गरिनेछ ।

१९. कृषि बिउबिजनको सहज आपूर्ति, कृषि सामग्री व्यवस्थापन, सामुहिक खेती र बजार पँहुचका लागि सहकारी प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

२०.गाउँपालिकाभित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिँचाइको व्यवस्था गरी कृषि उत्पादन बढाइनेछ ।बाँझो जमिनलाई प्रयोगका लागि प्रभावकारी कार्यक्रम ल्याइनेछ ।

२१.पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयार गरी कृषि सडक तथा स्थानीय स्तरमा सिँचाइ प्रणालीको निर्माण गरिनेछ ।

२२.संघ सरकारसँगको समन्वयमा राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रम संचालन गरिने छ।चालु आ.व. मा स्थापित आलु, मकै तथा बेमौसमी तरकारी खेती पकेटहरूलाई निरन्तरता तथा सञ्चालन दिइनेछ। एक वडा एक पकेट क्षेत्र कार्यक्रमलाई अगाडि बढाइनेछ।यी अन्न बाली फलफुल तथा बेमौसमी तरकारीमा गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

२३.संघीय सरकारकारसँगको समन्वय तथा परामर्शमा मुलूक भित्र र मुलुक बाहिरको स्थानीय तहसँगको भगिनी सम्बन्ध कायम गरी कृषि तथा रोजगार प्रवर्द्धन गर्न पहल गरिनेछ ।

२४.पालिकास्तरीय साप्ताहिक हाटबजार सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

२५.गाउँपालिकाभित्रका मुख्य बालीहरुमा कृषि बीमा कार्यक्रम लागु गर्न र बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरूलाई कृषि क्षेत्रमा लगाउन पहल गरिनेछ।

२६. एक घरः एक करेसाबारी स्थापनाका लागि नागरिकलाई प्रोत्साहन गरिनेछ।

२७.जडीबुटीको व्यावसायिक खेतीका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

## पशुपालन

२८.उत्पादकत्व वृद्धि गरी दुध र मासुमा आत्मनिर्भर बनाउन भैंसी तथा बाख्राको नश्ल सुधार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ । साथै रोगहरूबाट बचाउनका लागि पशुपंछी खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९.मासु मिसन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथै पशुपंछीहरूको तथ्याङ्क सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । त्यसका आधारमा मासुजन्य पशु पंछीहरूको उत्पादन बृद्धिका लागि ठोस कार्यक्रम ल्याइनेछ ।साथै संघ सरकारको नीति अनुसार एक वडा एक कृषि/पशु प्राविधिकलाई बस्ती स्तरको समस्या समाधानको लागि परिचालन गरिनेछ ।

३०.गाउँपालिकाभित्र अकस्मात विरामी हुने पशु पशुपंछिहरुको उपचारको लागि आवश्यक औषधि र पशु प्राविधिकहरु परिचालन गरिनेछ ।साथै छाडा पशु चौपायालाई नियन्त्रणका लागि थप व्यवस्थापन गरिनेछ ।

३१.पशुपंक्षी आदिबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवा रोग सम्बन्धी रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३२.गाउँपालिका स्तरीय दुग्ध डेरी स्थापना गर्न पहल गरिनेछ । स्थानीय उत्पादनलाई प्राथमिकता दिने गरी स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## पर्यटन

३३.कोटको थुम्को, राजकाँडा दरबार, मालिका धुरी, गुमी चुला, मस्तरा गुफा, भैरव थान मन्दिर, राकम शिवालय, देउतीबज्यै, मालिका गुफा, भोटेचुली देउली(बाहुन मुडिलो) लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी सिम्ता गाउँपालिकाको पहिचान तथा अर्थतन्त्रको आधारशिलाको रुपमा विकास गरिनेछ। यसको लागि पर्यटन गुरूयोजना अनुसार पर्यटनमैत्री संरचना निर्माण तथा पर्यटन पूर्वाधार निर्माणलाई अगाडि बढाइनेछ ।

३४.पर्यटकीय गन्तव्य, पदमार्ग, होमस्टे लगायतका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका कार्यक्रमलाई जोड दिइनेछ ।कोटको थुम्कोलाई धार्मिक तथा प्राकृतिक र पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ ।राजकाँडा दरबार क्षेत्रको उत्खनन्का लागि पुरातत्व विभागसँग समन्वय गरिनेछ ।

३५.सिम्तामा रहेका सम्पूर्ण जातजातिहरूले परापूर्वकालदेखी मानी आएका रितीरिवाज, धार्मिक आस्थालाई अध्ययन गरी त्यसको विकासको लागि अध्ययन गरी आवश्यक योजना अगाडि बढाइनेछ ।

३६.पालिकाभित्र एक सहिद ऋषि स्मृति बाटिका निर्माण गर्न विशेष पहल गरिनेछ । साथै मदन आश्रित स्मृति पार्क वडा नं ५ को ऐतिहाँसिक स्थललाई पर्यटकीय स्थलको रूपमा विकास गर्न पहल गरिनेछ ।

## उद्योग, ब्यापार र वाणिज्य

३७.महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवम् स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको अभियान अगाडि बढाइनेछ ।

३८.उद्यमशीलता प्रवर्द्धनका लागि गाउँपालिकामा नविनतम तरिका र प्रविधिबाट उद्योग व्यवसाय संचालन गर्ने उत्कृष्ट उद्यमीलाई नवप्रवर्तन पुरस्कार द्वारा सम्मान गरिनेछ ।

३९. सिम्ता औद्योगिक ग्राम निर्माण कार्यलाई तिब्रता दिइनेछ ।

४०.तामाखानी, फलाम खानी उत्खनन्का लागि खानी बिभागसँस समन्वय गरिनेछ ।

४१.गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाइदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवम् नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ ।

४२. गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र वैज्ञानिक बनाईने छ । "*हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर*" भन्ने नारालाई साकार पार्न कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. गाउँपालिकाभित्र निजी क्षेत्रबाट सञ्चालित आयोजनाहरूको समस्या समाधानका लागि आवश्यक सहजीकरण गरिनेछ ।

४४. उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत निजी क्षेत्रको व्यापार व्यवसायको संरक्षण र प्रवर्द्धनमा सक्रिय रहँदै आएका संघ संस्थाहरूसँग सहकार्य गरी उद्यमशीलताको विकास र व्यापार, व्यवसायको प्रवर्द्धन गरिनेछ ।

सहकारी

४५. दिगो स्थानीय विकासमा संघ, प्रदेश तथा स्थानीय तह र सहकारी बीचको समन्वय र सहकार्यलाई जोड दिइनेछ ।

४६. **अबका सहकारीः उत्पादनमा साझेदारी** भन्ने नाराका साथ सबै सहकारीहरूलाई उद्यममा आबद्ध गराइने नीति लिइनेछ ।

४७. गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउँदै स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाको प्रवर्द्धन, परिचालन र विकास गरिने छ ।

४८. एक व्यक्ति एक विषयगत विधाको एक भन्दा बढी सहकारीमा सदस्य हुन नपाइने नीति अवलम्बन गरिनेछ ।

४९. सबै नागरिकहरुमा बैंक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

**श्रम तथा रोजगारी**

५०. गाउँपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा स्थानीय स्रोत र साधनको अधिकतम् परिचालन गरिने छ साथै स्थानीय सीप र श्रमको प्रयोग मार्फत् रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।

५१. गाउँपालिकाभित्रका बेरोजगार युवाहरुको लगत सङ्कलन गरी प्रधानमन्त्री रोजगार तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना कार्यक्रममा आबद्ध गराई न्युनतम एक सय दिनको रोजगारी प्रत्याभुत

गरिने छ ।रोजगारमूलक कार्यक्रमका माध्यमबाट गरिवी न्यूनीकरण गर्न *एक घर एक रोजगार कार्यक्रम* लाई यसै कार्यक्रममा आबद्ध गरिने छ ।

५२. युवाहरुलाई स्वरोजगार बनाउनका लागि सीपमूलक तालिमहरू प्रदान गर्न साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । युवा रोजगार तथा युवा सचेतनाका लागि गाउँपालिका सत्रमा युवा नमूना युवा संसद गठन गरी सोही मार्फत युवा नेतृत्व विकासका कार्यक्रम अगाडि बढाइनेछ ।

५३. गाउँपालिकाभित्र बालश्रमको प्रयोगलाई पूर्णरूपमा निरूत्साहित गरी बालश्रम मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

५४. गाउँपालिकाभित्र बिभिन्न विपद्जन्य घटनाबाट पीडित हुन पुगेका व्यक्तिहरुको उद्धार तथा व्यवस्थापनको लागि युवाहरु परिचालन गरिनेछ ।

**गरिबी निवारण**

५५. गरिबी निवारणका लागि मागमा आधारित लघु उद्यम विकास कार्यक्रमलाई नौं वटै वडामा निरन्तरता दिइनेछ ।नयाँ लघु उद्यमी सिर्जना र भइरहेका उद्यमीको स्तरोन्नतीका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५६. गरिबसँग विश्वेश्वर कार्यक्रम मार्फत सामाजिक परिचालन, क्षमता विकास, आयआर्जन, ग्रामीण सामुदायिक पूर्वाधार र सहकारी विकासका कार्यहरु अगाडि बढाइने छ ।

## सामाजिक क्षेत्र

**शिक्षा, युवा तथा खेलकुद**

५७. **सबैका लागि शिक्षा** अभियान सञ्चालन गरी सिम्ता गाउँपालिका भित्रका सबै बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षाको अनुभव सहित आधारभूत तथा माध्यमिक तहसम्मको **निःशुल्क शिक्षामा** पहुँच सुनिश्चित गर्ने नीति लिइनेछ ।

५८. सार्वजनिक पद धारण गरेका सम्पूर्ण जनप्रतिनिहरू, कर्मचारी, शिक्षकहरूलाई आफ्ना बालबालिका सरकारी विद्यालयमा पढाउन उत्प्रेरित गर्ने नीति लिइनेछ ।

५९. पालिका भित्रका विद्यालयहरूमा अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरिनेछ । साथै छापामय कक्षाकोठा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६०. विद्यार्थीको सिकाइ सहजीकरणलाई निरन्तरता दिनका लागि वैकल्पिक माध्यमको प्रयोगलाई जोड दिइनेछ ।विपदमा शिक्षा कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

६१.सिम्ता गाउँपालिकाको **स्थानीय पाठ्यक्रम निर्माण** गरी स्थानीय स्तरका कृषि, पशुपालन, पर्यटन, धर्म, संस्कृति, भाषा, जाति जस्ता क्षेत्रमा आवश्यक ज्ञान, सीप र धारणा प्रदान गरी विद्यार्थीहरूलाई सुसूचित गरिनेछ ।

६२.सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि तथा जनशक्ति अभाव कम गर्न पालिकास्तरीय स्वयंसेवक शिक्षक आवश्यक कानूनी पूर्वाधार तयार गरी परिचालन गर्ने नीति लिइनेछ ।प्रारम्भिक बाल कक्षामा विद्यार्थी संख्या धेरै भएका विद्यालयमा नियुक्त गरिएका बालविकास सहजकर्तालाई निरन्तरता दिइनेछ ।

६३.नेपाल सरकारले तोकेको मापदण्डका आधारमा बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिकको व्यवस्था गरी उनीहरूलाई पेशाप्रति जिम्मेवार बनाइनेछ । यसका साथै सामुदायिक विद्यालयका सबै प्रधानाध्यापक तथा माध्यमिक तहका लेखा हेर्ने कर्मचारीलाई कार्यसम्पादनमा सहजताका लागि तालिम प्रदान गरिनेछ ।सबै विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी व्यवस्थित गर्न पहल गरिनेछ ।

६४.प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई **दिवा खाजा**को व्यवस्था गरी उनीहरूको विद्यालय छाड्ने दरमा कमी ल्याइनेछ ।

६५.सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरूको महिनावारी चक्रलाई व्यवस्थापन गर्न आवश्यक **सेनिटरी प्याड**को व्यवस्था गरिनेछ । छात्राहरूलाई महिनावारीको कारणबाट विद्यालय छाड्ने दरमा कमी ल्याइनेछ ।स्यानटरी प्याड स्थानीय स्तरमै उत्पादन गरी प्रयोग गर्ने व्यवस्था गरिनेछ ।

६६.विद्यालय तहमा अध्ययनरत सबै बालबालिकालाई **निःशुल्क पाठ्यपुस्तक**को व्यवस्था गरी सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ । यसका साथै शैक्षिक पहुँच विस्तारका लागि सामुदायिक सिकाइ केन्द्रमार्फत् **साक्षरता शिक्षा तथा निरन्तर शिक्षा**का कार्यक्रम सञ्चालन गरिनेछ ।

६७.**बालबालिकाको इच्छाः प्रविधिमैत्री शिक्षा** अभियान मार्फत् विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्न प्रविधिमैत्री शैक्षिक प्रणालीको विकास गरिनेछ ।

६८.एक विद्यालयमा भएका असल तथा अनुकरणीय अभ्यासलाई अन्य विद्यालयमा हस्तान्तरण गरी शैक्षिक व्यवस्थापन तथा प्रशासनलाई सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ ।

६९.सबै विद्यालयहरूमा बाल क्लब गठन, किशोरी समुह गठन र परिचालन, प्रारम्भिक पढाइ सीप विकास कार्यक्रम तथा बाल विकास सम्बन्धी कार्यक्रमलाई अगाडि बढाइनेछ ।

७०.बालमैत्री शासनको प्रारूप अनुसार विद्यालयमा हुने सम्पूर्ण क्रियाकलापहरू सञ्चालन गरिनेछ ।भौतिक पूर्वाधारका संरचनाहरू बालमैत्री र अपाङ्ग मैत्री बनाइनेछ । साथै सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनलाई विशेष जोड दिइनेछ ।

७१.प्रत्येक आधारभुत तथा माध्यमिक विद्यालयमा अतिथी कक्षाको व्यवस्था मिलाइनेछ ।

७२.गाउँपालिकाभित्र एक प्राविधिक शिक्षालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

७३.सिम्ता बहुमुखि क्याम्पसको शैक्षिक गुणस्तर, भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन र शैक्षिक कार्यक्रम व्यवस्थापनका लागि अनुदानको व्यवस्था गरिनेछ ।

७४.पालिकास्तरीय स्काउट परिषद् गठन गरी विद्यालय तहसम्म विस्तार गरी परोपकारी भावनाको विकास गरिनेछ ।

७५.सिम्ता गाउँपालिकाको स्थायी बासिन्दा भई सिम्ताकै सामुदायिक विद्यालयबाट एस ई ई उत्तीर्ण विद्यार्थीलाई एम.बी.बी.एस. अध्ययनका लागि दिइने छात्रवृत्तिका सम्बन्धमा यस वर्षबाट सम्भाव्यता अध्ययन गरिनेछ ।

## स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन

७६.पन्ध्र शैया अस्पताल निर्माण कार्यलाई तिब्रता दिइनेछ । यसका लागि आवश्यक जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यस्थापन सर्भेक्षण कार्य अगाडि बढाउनुका साथै अत्याधुनिक स्वास्थ्य उपकरण सहितको स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

७७.गाउँपालिका भित्रका अति विपन्न नागरिकहरूको स्वास्थ्य बीमा गर्न आवश्यक पर्ने न्यूनतम बीमा शुल्क (Premium) आवश्यक कार्यविधि बनाई अनुदानको रूपमा उपलब्ध गराइनेछ ।

७८.ज्येष्ठ नागरिक एकीकृत स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।

७९.गाउँपालिकाको भूगोल र जनसंख्यालाई मध्यनगर गरी थप एक एम्बुलेन्सको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

८०.सुनौलो हजार दिनका आमा, बच्चा र किशोरीहरूको पोषण स्थितिमा सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८१.पोषण कार्यक्रम मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम लगायत स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै सुत्केरी अवस्थाका महिलालाई सम्बन्धित स्वास्थ्य संस्थाको जोखिम वृद्धिको थप उपचार सम्बन्धी सिफारिसका आधारमा मेहलकुना अस्पताल, प्रदेश अस्पताल सुर्खेत, र नेपालगंज सम्मका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

८२. स्वास्थ्य संस्थामा जान ढिलाई हुँदा उत्पन्न हुन सक्ने अप्रिय अवस्थालाई मध्यनजर गरी दुर्गम स्थानमा सञ्चालित ४ वटै सामुदायिक स्वास्थ्य इकाईलाई निरन्तरता दिइनेछ ।

८३. वैकल्पिक उपचार पद्धतिको रुपमा आयुर्वेद उपचार सेवालाई विकास गर्ने नीति अवलम्वन गरिने छ । आयुर्वेद सेवा प्रवर्द्धन सम्वन्धी कार्यक्रम अगाडी बढाईने छ ।

८४. महिला स्वास्थ्य स्वयमंसेविका र स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

८५. नागरिकहरुको स्वास्थ्य वीमा गर्ने अभियानलाई सक्रियताका साथ कार्यान्वयन गरिने छ ।

८६. बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान सम्पन्न गरिनेछ ।

८७. स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविकाका लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार बारे अभिमुखिकरण/तालिम सञ्चालन गरिनेछ ।

८८. स्वास्थ्य संस्था मार्फत वितरण हुने औषधीको भण्डारणलाई व्यवस्थित गरिनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

८९. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विदुर, दलित बालबालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभूत गरिदै आएकामा आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।जसमा आर्थिक सहायता, तत्काल राहत उद्दारका कार्यहरु सम्पन्न हुनेछन् ।

९०. सामाजिक सुरक्षा भत्तालाई सवै वडामा अनिवार्य रूपमा बैकिङ प्रणालीमा आबद्ध गरिनेछ । र बैङ्किङ्ग प्रणालीलाई सहज गराइनेछ ।

९१. जेष्ठ नागरिकहरुलाई सम्मानित र मर्यादित जीवन जिउने आधार सिर्जना गरिने छ । प्रत्येक वडामा जेष्ठनागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

९२. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउने अभियानलाई निरन्तरता दिइनेछ ।

९३. महिला तथा बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवद्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।साथै समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपोसार धुमपान, मद्यपान, सूर्तिजन्य पदार्थ र लागुपदार्थविरुद्ध सचेतनामूलक

कार्यक्रमलाई "*हाम्रो समाजः राम्रो समाज" अभियानका* रूपमा संचालन गरिने छ । यसका लागि युवा परिचालनमा जोड दिइनेछ ।

९४. दलित तथा अल्पसंख्यक समुदायले परम्परादेखि अपनाएको पेशा, सीप, ज्ञान तथा क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. ईलाका प्रहरी कार्यालय र स्थानीय सरकारबीचको समन्वयमा संचालन गरिदै आएको लागुपदार्थ दुव्यर्सन रोकथाम सम्वन्धी कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ ।

९६. गाउँपालिकाभित्र रहेका अपाङ्गता भएका /फरक क्षमताका व्यक्तिहरुलाई कार्यविधिको अधीनमा रही अपाङ्गता परिचयपत्र वितरण गरिने छ ।अपाङ्गता भएका व्यक्तिहरुको हकहितको संरक्षणको लागि विशेष व्यवस्था गरिने छ ।

९७. क्यान्सर, मुटु, मृगौला, स्पाइनल इन्जुरी र हेड इन्जुरी जस्ता रोगबाट पीडित अति गरिब बिरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९८. अशक्त, असहाय, सहाराविहिन बालबालिका तथा ज्येष्ठ नागरिकहरूका लागि आश्रय स्थल निर्माण गर्नका लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरिनेछ ।

९९. घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी र चेतनामुलक अभियानहरू संचालन गरिनेछ । सो कार्यमा स्थानीय सामाजिक/गैर सरकारी संघ संस्थाहरू तथा टोल विकास संस्थाहरूको परिचालन गरिनेछ ।

१००. आर्थिक तथा सामाजिकरूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानका लागि विशेष कार्यक्रमहरू तय गरिनेछ ।

१०१. घरेलु हिंसा पीडित व्यक्तिहरूलाई निश्चित समयका लागि स्याहार गृहको व्यवस्थापन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१०२. गाउँपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ खानेपानी उपलव्ध गराउन जनतासंगको सहलगानीमा खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

१०३. जमिन मुनीको पानी तानी उपयोग गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ । पानीका मुहानहरुको संरक्षण एवम् आवश्यक अन्य केही ठाउँमा लिफ्ट प्रविधिको पूर्वाधारहरु तयार गर्ने प्रक्रिया अगाडि बढाईने छ ।हाल कार्यान्वयनमा रहेको *एक घरः एक धारा* खानेपानी आयोजनालाई गाउँपालिका भर क्रमश विस्तार गर्दै लगिनेछ ।

### मेला महोत्सव व्यवस्थापन

१०४. जिल्ला प्रशासन कार्यालय र गाउँपालिका बीचको आपसी समझदारीमा तयार गरिएको जिल्लाभित्र संचालन गरिने मेला तथा महोत्सवलाई प्रभावकारी रुपमा नियमन गरिनेछ ।

१०५. खेलकुद, सामाजिक, सांस्कृतिक, आर्थिक मेला महोत्सवहरूलाई प्रोत्साहन गरिनेछ ।साथै सिम्ता स्तरीय भलिबल टिम तयार गरिनेछ ।

## पूर्वाधार विकास

### भौतिक योजना र पूर्वाधार विकास

१०६. टुक्रे योजना तथा अनुत्पादक कार्यक्रमहरूलाई निरुत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।आर्थिक बर्षको अन्त्यतिर हुने चापलाई न्यून गराउनका लागि योजना सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ ।साथै गौरवका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिनेछ । ठेक्का मार्फत सम्पन्न हुने योजनाहरुमा समेत स्थानीय श्रम र सीपको प्रयोग गर्न सहजीकरण गरिने छ ।

१०७. गाउँपालिकाभित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ भने मर्मत सम्भार कोषलाई आवश्यक कार्यविधि बनाई व्यवस्थित बनाउँदै लगिनेछ ।

१०८. गाउँपालिकाका गौरबका आयोजनाहरुलाई समयमानै सम्पन्न गर्नको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१०९. पूर्वाधार विकास कार्यक्रम, हेल्भेटास नेपाल, स्याक नेपाल, युनिसेफ लगायतका साझेदार संस्थाहरूसँग गाउँपालिकाको पूर्वाधार विकासमा साझेदारी र सहकार्य गरिनेछ ।

### सडक तथा पुल

११०. गाउँपालिकाका सबै बस्तीहरूलाई सडक सञ्जालसँग जोडिने छ । गौरवको आयोजनाको रुपमा सहिद ऋषि चक्रथप र सहिद इन्द्र बि सी द्रुत मार्गको निर्माणलाई निरन्तरता दिइनेछ ।साथै अन्य कृषि र बस्तीस्तरका रिङ्ग सडक र सहायक स्तरका सडकहरूको निर्माण तथा मर्मत कार्य गरिनेछ ।

१११. प्रदेश सरकारसँगको सहकार्यमा महत्वपूर्ण रणनैतिक सडकहरूको निर्माण कार्य अगाडि बढाइने छ ।

११२. छरिएर रहेका बस्ती बीचको दुरी कम गरी सामाजिक आदान प्रदान तथा प्रशासनिक सुगमताका लागि झोलुङ्गे पुल निर्माणमा नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक सहलगानी तथा समन्वय गरिनेछ ।

### भवन

११३. संघ तथा प्रदेश सरकारको सहकार्यमा भवन नभएका वडा कार्यालय, विद्यालय भवन, स्वास्थ्य केन्द्र र प्रहरी चौकीहरूको भवन निर्माणको कार्य अगाडि बढाइनेछ ।

**जल विद्युत तथा वैकल्पिक उर्जा**

११४. वायोग्याँस, बायोमास, सौर्य उर्जा, वाइन्ड मिल लगायतका वैकल्पिक उर्जाको प्रवर्द्धन र प्रयोगको लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्न पहल गरिनेछ ।

११५. राकम, जामुने बजार, गोजी बजार र सृजना बजारमा सौर्य उर्जाको प्रयोग गरी चोक तथा सार्वजनिक स्थलहरूलाई उज्यालोमा परिणत गर्दै लैजाने कार्यक्रम ल्याइनेछ ।

**शहरी योजना र विकास**

११६. गाउँपालिका भित्रका वास्तविक सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरूको उचित व्यवस्थापनको लागि पहल गरिनेछ । राष्ट्रिय भूमी आयोगसँग गरिएको सम्झौता र संकलित लगतका आधारमा जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ ।गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाइनेछ ।

११८. राकम जामुनेबजार गोजी तथा बाँखर्क बजारलाई व्यवस्थित शहरी विकासका लागि अध्ययन शुरूवात गरिनेछ ।

११९. गाउँपालिकाभित्र सम्पन्न भई सकेका सडक पूर्वाधारहरुको लगत कट्टा गर्ने नीति अवलम्बन गरिनेछ ।

१२०. ढल निकास र फोहोरमैला व्यवस्थापनका लागि तयारी गरिनेछ ।

१२१. सडकहरूको गुरूयोजना बमोजिम सडक पूर्वाधारको विकास गरिनेछ ।

## <u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

**वन**

१२२. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र वृक्षारोपण, पालिकाको सौन्दर्यता र सोको संरक्षण, भू:संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ । न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास नीति अवलम्ब गराइनेछ ।

१२३. हरित विद्यालय निर्माणका लागि **शिक्षक विद्यार्थी जन्मोत्सव वृक्षा रोपण कार्यक्रम** सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१२४. पालिकास्तरमा रहेका सामुदायिक वनहरूलाई सिम्ताको समृद्धि र विकासको लागि योगदान गर्न आह्वान गरिनेछ ।

## विपद् व्यवस्थापन

१२५. प्राकृतिक तथा मानव सिर्जित विपद्बाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न गाउँपालिका स्तरीय, वडा स्तरीय र सामुदायिक विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइनेछ ।

१२६. खोज उद्दारका सामग्रीहरू व्यवस्थापन गरिनेछ ।

१२७. जलवायु परिवर्तनबाट पर्ने असरहरूलाई न्यूनीकरण गर्नका लागि जलवायु अनुकुलन कोष स्थापना गरिनेछ ।

१२८. स्थानीय स्तरमा विपद् पूर्बतयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ ।विपद् व्यवस्थापनका लागि वडा/वडामा गठित विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाउने तथा सामुदायिक विपद् प्रतिकार्य समूह गठन गरिनेछ ।

१२९. विपद्बाट जोगिन, गरिबीको सूचकमा सुधार गर्न खरको छाना हटाउने अभियानलाई निरन्तरता दिइनेछ ।

१३०. उत्थानशील विकास उन्मुख स्थानीय सरकारको अवधारणालाई अवलम्बन गरिनेछ ।

१३१. सडक निर्माण गर्दा अनिवार्य वृक्षारोपण गर्नुपर्ने गरी हरित सडकको अवधारणा र प्रकृतिलाई बिगारेर होइन श्रृंङ्गारेर विकास गर्ने अभियान सञ्चालन गरिनेछ ।

१३२. अनिवार्य वृक्षारोपण, सडकसँग नाली अनिवार्य, तटबन्ध, नियमित मर्मत सम्भार जस्ता उपाय अवलम्वन गरी भूजन्य प्रकोपको व्यवस्थापन गरिनेछ ।

## भूमि व्यवस्था

१३३. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ ।यसका लागि गाउँपालिकामा गठित सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समितिलाई थप क्रियाशिल बनाइनेछ ।

१३४. गाउँपालिकाभित्र व्यक्तिको स्वामित्वमा रहेका सम्पूर्ण जग्गाहरुको उपयुक्त न्यूनतम मूल्याङ्कन दर कायम गरिनेछ ।

## शुसासन तथा संस्थागत क्षमता विकास

### संगठन संरचना, दरबन्दी

१३५. सिम्ता गाउँपालिकाको मितव्ययी सांगठनिक स्वरुप तथा दरवन्दी संरचना निर्माण गरी स्वीकृत दरवन्दी संरचनाभन्दा थप व्यय भार नपर्ने गरी प्रशासनिक संरचना खडा गरिने छ । साथै प्रशासनिक संरचनालाई कार्यमूलक बनाइनेछ ।

१३६. गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही सम्बोधनको आवश्यकता महसुश गरिएका सबै विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१३७. जनशक्तिको क्षमता विकासका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि पर्याप्त मात्रामा तालिम, गोष्ठी, सेमिनार तथा अन्तर्क्रिया कार्यक्रमहरू सम्पन्न गरिनेछ ।

१३८. कर्मचारी शिक्षक लगायत अन्य राष्ट्रसेवक सेवाबाट बहिर्गमन हुँदाको बखत प्रशंसा सहितको फेरी भेटौंला कार्यक्रम कार्यान्वयन गरिनेछ ।

### शुसासन र सेवा प्रवाह

१३९. कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तथा सूचकहरू तय गरिनेछ ।

१४०. योजनाहरुको गुणस्तर सुनिश्चित गर्ने नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि पालिकास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई क्रियाशिल बनाइने छ। वडास्तरमा रहने अनुगमन समितिहरुलाई थप क्रियाशील बनाइनेछ ।

१४१. गाँउ कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यलयहरुको प्रशासनलाई सेवाग्राहीमैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पँहुच सुनिश्चित गरिनेछ।साथै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ ।

१४२. आगामी आर्थिक वर्षका लागि तय भएका योजना तथा कार्यक्रमहरु सबै प्रक्रिया पुरा गरी फाल्गुन मसान्तभित्र सम्झौता कार्य सम्पन्न गरिनेछ ।

१४३. गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसंग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्बन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ । साथै कार्यसम्पादनमा आधारित करार सेवा पद्धति अवलम्वन गरिनेछ ।

१४४. जिल्ला भित्रका अन्तर स्थानीय सरकारबीचमा वृहत अन्तरक्रिया कार्यक्रम संचालन गर्न आवश्यक समन्वय गरिनेछ ।

१४५. खोप, भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि/पशु स्वास्थ्य सम्बन्धी शिविर, योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, राजश्व शिविर, घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण, अपाङ्ग तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरण जस्ता सेवाहरूलाई घुम्ती सेवा मार्फत थप विस्तार गरिनेछ ।

१४६. गाउँपालिकाभित्र संचालन हुने यातायातका साधनहरुको भाडादरमा एकरुपता कायम गर्न उपयुक्त स्थानीय भाडादर निर्धारण गरिनेछ ।गाउँपालिकाको बजार केन्द्र जामुने बजारलाई आधारमानी सञ्चालन हुने यात्रुबाहक सवारी साधन र मालबाहक सवारी साधनको पार्किङ्गको लागि उपयुक्त स्थानको व्यवस्था गरिनेछ ।साथै गाउँपालिकाभित्रका निर्माण सामग्री र श्रमको उपयुक्त ज्याला तथा दर रेट निर्धारण गरिनेछ ।

**संस्थागत व्यक्तिगत र मानव संशाधन विकास**

१४७. विषयगत समिति, गाउँसभाका सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ ।वडामा स्थापना गरिएका मेलमिलाप केन्द्रलाई मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ ।

१४९. न्यायिक समिति र मेलमिलाप कर्ताहरुको लागि पुनर्ताजगी तालिम मार्फत क्षमता अभिबृद्धि गरिनेछ ।

**वित्तीय अनुशासन र पारदर्शिता**

१५०. भ्रष्टाचारजन्य क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति अवलम्बन् गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने आधार सिर्जना गरिने छ ।

१५१. समृद्ध सिम्ता निर्माणका लागि यस गाउँपालिकाको प्रशासनलाई निष्पक्षता, तटस्पथता, प्रतिबद्धताको सिद्धान्त प्रति समर्पित गराइने छ ।

१५२. गाउँपालिकाभित्र सदाचारिता, नैतिकता, मितव्ययिता, कुशलता र प्रभावकारिता झल्कने गरी कार्य गर्ने कर्मचारीलाई ***गाउँपालिका उत्कृष्ट कर्मचारी*** पुरस्कारबाट सम्मान गरिनेछ । दण्ड तथा पुरस्कारको प्रणालीलाई व्यवस्थित र वस्तुनिष्ठ बनाइनेछ ।

**सार्वजनिक सुनुवाई**

१५३. गाउँपालिकाका आर्थिक, प्रशासनिक विकास निर्माण लगायतका विषयमा जनगुनासो सम्बोधन र जनअपेक्षा बमोजिम अगाडि बढ्ने प्रयोजनको लागि सार्वजनिक सुनुवाई सम्पन्न गरिनेछ ।जसबाट पारदर्शी र न्यूनतम सरकार निर्माण हुनेछ । साथै गाउँपालिकाका काम कारबाहीहरू नियमित रूपमा संचार माध्यम मार्फत् सुसुचित गराइनेछ ।

### आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली

१५४. कार्यालयको लेखा प्रणालीलाई त्रुटि रहित बनाउनका लागि आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५५. गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणालीको रूपमा लागु गरिएको कार्यसंचालन निर्देशिकालाई पूर्णरूपमा कार्यान्वयन गरिनेछ ।

### अन्तिम लेखा परीक्षण र बेरुजु फछ्र्यौट

१५६. सार्वजनिक लेखा समिति मार्फत् अन्तिम लेखा परीक्षणले औंल्याएका त्रुटीहरु सुधार गरी फछ्र्यौटका लागि आवश्यकता अनुसार गाउँ सभा समक्ष पेश गरिनेछ र समयमै समपरीक्षण गरि बेरुजु फछ्र्यौटको व्यवस्था गरिनेछ ।

### पञ्जीकरण व्यवस्थापन

१५७. गाउँपालिका भित्रका व्यक्तिगत घटनाहरुको समयमै दर्ता गर्ने पद्धतिको विकास गरिनेछ । सो सम्बन्धमा सचेतनाका कार्यक्रम समेत संचालन गरिनेछ । पञ्जिकरण सम्बन्धी कार्यहरु व्यवस्थित रुपबाट अगाडि बढाइनेछ । आवश्यकता अनुसार दर्ता शिविर समेत सञ्चालन गरिनेछ ।

### विद्युतीय सेवा तथा सूचना प्रविधि र संचार

१५८. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित गराई स्मार्ट गाउँपालिका बनाइनेछ ।

१५९. सूचना प्रवाहमा पत्रकारिताको व्यापक प्रयोग गर्न पत्रकारिता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै उत्कृष्ट पत्रकारिता गरी हाम्रो समृद्धिको यात्रामा सहयोग प्रदान गर्ने पत्रकारलाई उचित सम्मान गरिनेछ ।

१६०. सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई निरुत्साहित गर्दै सभ्य समाज निर्माणमा जोड दिईनेछ ।

१६१. जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचाङ्क, राजस्व तथा

आय–व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

**गाउँसभाका सदस्यहरू,**

१६२. यी नीति तथा कार्यक्रमको कार्यान्विनयबाट "आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि पूर्वाधारः सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालिकाको आधार"को गन्तव्यमा पुगी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन् ।सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

१६३. "आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि पूर्वाधारः सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालिकाको आधार" नारा सवै क्षेत्र तथा आयामहरु समृद्ध नेपाल सुखी नेपालीसँग तादम्यता हुने गरी कायम गरिएको छ ।हरेक स्थानीय तहले सो लाई प्राथामिकताका साथ कार्यान्वयनमा ल्याउदा नेपाल सरकारले लक्ष्य अवश्य पुरा हुनेमा विश्वस्त छु ।

१६४. अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव र सहयोग हुनेमा विश्वस्त छु।गरिमामय यस गाउँसभाबाट रचनात्मक सुझावको अपेक्षासहित बिदा हुन्छु । धन्यवाद !

सिम्ता गाउँपालिका

ऐन बहादुर चन्द

अध्यक्ष